**निर्णय नं. १ :**

२०७२ साल बैशाख १२ र २९ मा आएको बिनासकारी महाभूकम्प र त्यसपछिका पराकम्पनबाट भएको ठूलो जनधनको क्षतीका सम्बन्धमा नेपाल सरकारद्धारा राष्ट्रिय पुन:निर्माण प्राधिकरण स्थापना गरी क्षतीग्रस्त निजी आवास पुन:निर्माणका लागि लाभग्राहीहरु छनौट गरी प्रथम किस्ता समेत निकासा भै सकेको र विभिन्न कारणबाट बाँकी किस्ता लिन नसकेका लाभग्राहीका सम्बन्धमा देहाय बमोजिमको प्रक्रिया अगाडि बढाई निकासा प्रक्रियालाई सहजीकरण गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**तपसिल :**

(क) जग्गा हकभोग सम्बन्धी स्पष्ट निस्सा भएको, सुकुम्बासी समस्या समाधान आयोगबाट दिएको निस्सा र शुरु नापी हुँदाका बखत फिल्डबुकमा जग्गाधनीको नाम उल्लेख भएकाको हकमा घरले चर्चको जग्गाको क्षेत्रफलको चारकिल्ला खोली सम्बन्धित वडाले सिफारिश गर्ने,

(ख) भूकम्पबाट प्रभावित निजी आवास पुन:निर्माण अनुदान वितरण कार्यविधि (पहिलो संशोधन) २०७३ को अनुसूची १ को खण्ड १२ बमोजिम सार्वजनिक जग्गा, वन क्षेत्रको जग्गा, सरकारी जग्गा नपर्ने भनी सम्बन्धित वडाले गरी दिएको सिफारिशका आधारमा प्रक्रिया अगाडी बढाउने,

(ग) घरको लम्बाई, चौडा, उचाई, साईड प्लान, सडकको क्षेत्राधिकारको दुरी कायम भएको विवरण पेश गर्न लगाई भूकम्प प्रतिरोधात्मक भए नभएको चेक जाँच गरी सिफारिश गर्ने,

(घ) यसरी किस्ता सिफारिश भएका लाभग्राहीहरुको छुट्टै अभिलेख तयार गर्ने व्यवस्था नगरपालिकाले गर्ने, र राजस्वको हकमा नगरपालिकाले घर तथा भौतीक संरचनाको नक्सापासको लागि तोकेको न्यूनतम रकम लिने व्यवस्था गर्ने,

(ङ) नगरपालिकाले तोकेको सडक क्षेत्राधिकार भित्रको जग्गामा त्यस्तो किसिमको भौतीक संरचना निर्माणको लागि सिफारिश नगर्ने ।

(च) यसरी नगरपालिकाले अनुदान सम्झौताको लागि गरी दिएको सिफारिशलाई जग्गा दार्ताको प्रमाण मानिने छैन ।

**निर्णय नं. २ :**

विभिन्न विशेष कोषबाट खर्च गर्ने गरी पेश भएका देहाय बमोजिमका रकमहरुको अनुमोदन गर्ने निर्णय गरियो ।

**तपसिल :**

| क्र.सं. | योजनाको नाम | वडा नं. | रकम | शिर्षक |
|---|---|---|---|---|
| १ | भूवानी शंकर कलेजको अगाडी नालामा स्ल्याब राख्ने कार्य | ६ | ३००००।- | स्थानीय विकास बिशेष कोष |
| २ | खैरहनी प्राथमिक स्वास्थ्य केन्द्रमा कंक्रिट बेञ्च राख्ने कार्य | ६ | ५४,६००।- | स्थानीय विकास बिशेष कोष |
| ३ | कपीया मा.वि.को छानाको जस्तापाता फेर्ने कार्य | १२ | २,८३,८१७।- | मर्मत संभार कोष |